सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी

आदेश

०८०-WO-१२७८

मुद्दाः-उत्प्रेषण परमादेश।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.६ बस्ने अधिवक्ता अनुपम भट्टराईको वारेस आफ्नो हकमा समेत कानून स्नातक तहमा अध्ययनरत काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२९ बस्ने अतुल विष्ट........................१ निवेदक

विरुद्ध

महान्यायधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं........................................१

ऐ.का महान्यायाधिवक्ता..........................................................................१ प्रत्यर्थी

उप प्रधान तथा गृहमन्त्री.........................................................................१

नेपालको संविधानको धारा १३३ (२) (३) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यस प्रकार रहेको छः-

संक्षिप्त तथ्य

१. कुनै नेपाली नागरिकले आफू विरुद्ध मुद्दा चलेको छ कि छैन भन्ने बिषयमा निवेदन लिई जानकारी गराउने कार्य विपक्षी महान्यायधिवक्ताको कार्यालयलाई संविधान तथा प्रचलित नेपाल कानूनले दिएको छैन। महान्यायाधिवक्ताको कार्यालयले कुनै उजुरी, छानबिन र हिनामिनामा संलग्न नरहेको भनी लामिछानेलाई पत्र दिइएको छ। उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले सहकारीको बचत हिनामिना प्रकरणमा आफू संलग्न नरहेको भनी महान्यायाधिवक्ताको कार्यालयबाट लिएको पत्र क्लिन चिटले विपक्षी कार्यालयको गैर न्यायिक र पीडितको न्याय पाउने हकलाई बन्देज लगाउने कार्यलाई प्रोत्साहन गर्ने देखिएको छ। सुप्रिम सहकारीको रकम हिनामिनाबारे रुपन्देही जिल्ला अदालतमा प्रस्तुत प्रहरी प्रतिवेदनमा भने लामिछानेले विना धितो प्रक्रिया नपुर्याई ऋण लिएको उल्लेख गरिएको छ। उक्त अनुसन्धान प्रतिवेदनमा रवि लामिछानेको नाममा दुई करोड रुपैया कर्जा स्वीकृत भएको विवरण उल्लेख भए पनि निजलाई प्रतिवादी बनाइएको छैन। विपक्षी कार्यालयमा रवि लामिछानेले पाएको क्लिन चिट कानून तथा न्यायको रोहमा उचित कार्य होइन, यसले



CamScanner

अनुसन्धान तथा न्याय सम्पादनमा प्रतिकूल असर गर्ने र पीडितले न्यायको याचना गर्न पाउने प्राकृतिक न्यायको सिद्धान्त समेतको बर्खिलाप रहेको छ। संविधान र नेपालको प्रचलित कानूनले यस्तो निर्णय गर्ने गराउने अधिकार विपक्षी कार्यालय र महान्यायाधिवक्तालाई दिएको छैन। आफूसँग हुँदै नभएको अधिकारको प्रयोग गरि न्याय प्रणालीलाई नै चुनौति दिने गरि गरेको काम कारबाहीले महान्यायाधिवक्ताको भूमिकासमेत विचार गर्ने अवस्थामा पुगेको देखिन्छ। रुपन्देही जिल्ला अदालतमा दायर भएको अभियोग पत्रमा लामिछानेले बिना धितो ऋण लिएको मात्र होइन, किस्ता तिर्दा समेत सहकारी कै रकम अपचलन गरेको तथ्य स्पष्टसँग खुलाइएको छ। रुपन्देही, चितवन र कास्कीमा उजुरी नपरेको भन्दै ढाकछोप गरिएको पत्रका आधारमा लामिछानेले आफूमाथि छानबिन आवश्यक नरहेको दाबी गरेका छन जसले सहकारीमा रहेका बचतकर्ता न्याय प्राप्त गर्ने अबसरबाट बञ्चित हुने अवस्था आएकोले विपक्षी कार्यालयले जारी गरेको च.नं. ३२७५, मिति २०८१।१।२४ को पत्रको कानूनी आधार नभएकोले उत्प्रेषणको आदेशले बदर गरि पाऊँ, आफ्ना मातहतका अनुसन्धान गर्ने निकायलाई सहकारी ठगीमा कसैले कुनै व्यक्ति उपर जाहेरी, सूचना, प्रतिवेदन पेश गर्छ भने सो व्यक्ति उपर निर्धक्क भएर अनुसन्धान गर्नु गराउनु भनी विपक्षी कार्यालय र ऐ.का महान्यायाधिवक्ताको नाउँमा परमादेशको आदेश जारी गरि पाऊँ, उप प्रधान तथा गृहमन्त्रीले धारण गरेको जिम्मेवारीले अनुसन्धान प्रक्रियामा अनुचित प्रभाव र प्रतिकूल असर पार्ने र प्राकृतिक न्यायको सिद्धान्त विपरित समेत रहने स्पष्ट भएको हुँदा, अनुसन्धान प्रक्रिया चलिरहेको अवस्थामा गृहमन्त्रीको पदबाट निजलाई निलम्बन गर्नु भनि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को नाउँमा अन्तरिम प्रकृतिको उपयुक्त आदेश जारि गरिपाउँ भन्नेसमेत बेहोराको अनुपम भट्टराईको वारेस भई आफ्नो हकमासमेत कानून स्नातक तहमा अध्ययनरत अतुल विष्टले यस अदालतमा पेस गरेको रिट निवेदन।

२. महान्यायाधिवक्ता कार्यालयको च.नं. ३२७५ मिति २०८१/०१/२४ को पत्र कानूनसम्मत छ। सहकारीसँग सम्बन्धित विभिन्न अदालतहरुमा दायर भएका सहकारी ठगी मुद्दाहरुमा उप प्रधान एवम गृहमन्त्री म रवि लामिछानेलाई प्रतिवादी बनाउनुपर्ने कारण र प्रमाणिक आधारहरु नभएकोले सम्बन्धित जिल्ला अदालतमा दायर भएको अभियोगपत्रमा प्रतिवादी नबनाइएको स्पष्ट छ। यस मन्त्रालय वा मातहतको निकाय वा कार्यालयलाई मुद्दा दर्ता, अनुसन्धान तथा अभियोजनमा रोक लगाउने गरी निर्देशन गर्नुपर्ने कुनै कारण छैन र यो न्यायसंगत पनि होइन। यदि सहकारी सम्बन्धी चलेका र चलाईएका कुनै पनि मुद्दाको अनुसन्धान तथा तहकीकातमा यस मन्त्रालय तथा म स्वयम् गृहमन्त्री रवि लामिछानेको भूमिका रहेको देखिएमा प्रचलित कानून बमोजिम हुने र व्यहोर्ने कुरामा कुनै विवाद रहेन। म उपप्रधान तथा गृहमन्त्री हुनुपूर्व नै अनुसन्धान सकिई अदालतमा मुद्दा दर्ता भैसकेका विषयहरुमा मेरो नाम जोडी अनुसन्धानमा प्रभाव पार्न सक्ने भनि निलम्बन गर्नै मात्र पर्नु

आफैमा पूर्वाग्रही देखिन्छ। नेपालमा प्रचलित फौजदारी कार्यविधि संहिता, २०७४ तथा अन्य प्रचलित कानूनले अनुसन्धानकर्ताहरूलाई अनुसन्धानमा स्वतन्त्रता र निर्णयको अधिकार दिई रहेको छ। रिट निवेदकले सार्वजनिक सरोकारको रिट निवेदन लिएर आँदा सम्मानित सर्वोच्च अदालतबाट स्थापित विभिन्न नजिर सिद्धान्तहरूबमोजिम आफ्नो तात्विक सम्बन्ध र सार्थक सरोकार भएको स्थापित गर्नसक्नु पर्दछ। विपक्षी रिट निवेदकहरूको उजुरबाजुर गर्ने गराउने निकाय वा कार्यालयमा यस मन्त्रालय वा म गृहमन्त्रीबाट कुनै निर्देशन वा निर्णय समेत नभएको हुँदा बिना कारण उपप्रधान तथा गृहमन्त्री समेतलाई विपक्षी बनाई दायर गरेको प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको नेपाल सरकार गृहमन्त्रालयका उप प्रधान तथा गृह मन्त्री रबि लामिछानेले यस अदालतमा पेश गरेको लिखित जवाफ।

३. रिट निवेदकले उठान गर्नुभएको मुख्य विषयवस्तु सहकारी ठगी मुद्दाको अनुसन्धान कार्यसँग सम्बन्धित रहे तापनि उक्त विषयसँग निवेदकको सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको र सम्बन्धित पीडितहरुको प्रतिनिधित्व गर्न सक्षम रहेको कुराको आधारहरु खुलाउन सकेको स्थिति नदेखिँदा निवेदकको हकदैया स्थापित भएको देखिँदैन। सार्वजनिक सरोकार निहित मुद्दाको सन्दर्भमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त बिपरित रिट निवेदन दायर भएको छ। रबि लामिछानेले महान्यायाधिवक्ताको कार्यालय समक्ष म उपर कुनै उजुर परेको, अनुसन्धान भएको वा अभियोजन भएको छ छैन सो को जानकारी पाऊँ भनि पेश गर्नु भएको निवेदन दर्ता भई प्रकृयागत तरिकाबाट संबोधन भएको विषयलाई अन्यथा भन्न मिल्ने होइन। रिट निवेदकले उठान गर्नुभएको महान्यायाधिवक्ताको कार्यालयको च.नं. ३२७५, मिति २०८१।०१।२४ को अनुसन्धान अभियोजनको जानकारी सम्बन्धि पत्र महान्यायाधिवक्ताको कार्यालयको स्वविवेकीय धारणाका आधारमा नभई सम्बन्धित निकायबाट प्राप्त जवाफका आधारमा प्रेषित गरिएको हो। सूचनाको हक सम्बन्धि ऐन,२०६४ को दफा ३६ मा सूचना प्रवाह सर्ने सम्बन्धमा असल नियतले सार्वजनिक निकायले गरेको कामको बचाउ हुने भन्ने प्रावधान समेत रहेको छ। महान्यायाधिवक्ताको कार्यालयबाट कुनै निर्णय नभई सम्बन्धित निकायहरुबाट भएको पत्राचारका आधारमा सूचना माग गर्ने रबि लामिछानेलाई जानकारीसम्म दिईएको हो। कार्यालयको कामसँग सम्बन्धित सेवाग्राहीले मागेको सूचना दिईएको बिषय सार्बजनिक सरोकारको सवाल मात्र नमिल्ने र सो कार्यले निवेदक समेतको कुनै पनि मौलिक तथा कानुनी हक अधिकारको प्रयोग र प्रचलनमा बाधा व्यवधान उत्पन्न गरेको नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको महान्यायाधिवक्ता र महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंसमेतको तर्फबाट महान्यायाधिवक्ता डा. दिनमणि पोखरेलले यस अदालतमा पेश गरेको लिखित जवाफ।

## यस अदालतको आदेश

नियमबमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट रहनु भएका वरिष्ठ अधिवक्ताद्वय डा. श्री सुरेन्द्र भण्डारी र श्री दिनेश त्रिपाठी र विद्वान् अधिवक्ताहरू श्री कीर्तिनाथ शर्मा, श्री रमण कुमार कर्ण, श्री तुलसीराम पराजुली, श्री रोशनी अधिकारी एवं निवेदक(अधिवक्ता) श्री अनुपम भट्टराईले महान्यायाधिवक्ताको कार्यालयको मिति २०८१।०१।२४ को पत्र कानूनसम्मत छैन। के कुन कानूनी व्यवस्थाको आधारमा जवाफ गरिएको र के कुन कानूनी आधारमा पत्र दिएको हो, सो स्पष्ट छैन। रवि लामिछाने उपर जाहेरी परेको अवस्था छ तर उक्त पत्रमा निज विरुद्ध कुनै जाहेरी नै नपरेको उल्लेख छ, जसले गर्दा पत्रको बेहोरा र तथ्यका बिच कुनै मेल खादैन। प्रभावमा पारी तयार पारिएको पत्रले फौजदारी न्यायको अनुसन्धान पद्धतिलाई कुन दिशातर्फ डोऱ्याउदै छ भन्ने प्रश्न उठेको छ। कास्की जिल्ला प्रहरी कार्यालयमा रवि लामिछाने उपर जाहेरी दिदा पनि अनुसन्धान प्रक्रियालाई अघि बढाएको छैन। जाहेरी दिएपनि अनुसन्धान हुन नसकि नियमित न्यायिक प्रक्रियामा प्रवेश नै हुन पाएको छैन। संसद्को राज्य व्यवस्था समितिको बैठकमा प्रहरी महानिरीक्षकलाई रवि लामिछानेले आफ्नो प्रतिरक्षा गर्न लगाउनु भयो। रुपन्देही जिल्ला अदालतमा दायर भएको सहकारी ठगीको मुद्दामा निजको खातामा रकम जम्मा भएको ऋण लिएको देखिंदा देखिंदै पनि प्रतिवादी बनाइएको छैन। सहकारी ठगी सम्बन्धमा संसदीय विशेष छानबिन समिति गठन भई जाँचबुझ अनुसन्धान भए पनि त्यो समितिलाई अभियोजन लगाउने अधिकार छैन यो राजनैतिक प्रकृतिको संरचना हो। उजुरी, जाहेरी परेपनि उहाँ गृहमन्त्रीको पदभार ग्रहण गरेपछि उहाँको हकमा कुनै अनुसन्धान भएन, उहाँले पदीय आचरण विपरित कार्य गरी पदीय दुरुपयोग गर्नुभएको छ। सहकारी ऐनको विपरित गलत तवरले ऋण लिने र दिने कार्य भएको छ। रवि लामिछानेलाई पदमा बसिरहन उपयुक्त नरहेकोले पदमुक्त गरी कानून बमोजिम अनुसन्धान अघि बढाउनु भनी आदेश जारी हुनुपर्छ, अदालतले पनि सो कुराको अनुगमन गरी १५/१५ दिनमा प्रतिवेदन लिनुपर्छ भनी बहस गर्नुभयो।

५. प्रत्यर्थीहरू महान्यायाधिवक्ताको कार्यालय र महान्यायाधिवक्ताको तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता डा. श्री टेक बहादुर घिमिरे, विद्वान् सहन्यायाधिवक्ता श्री सूर्यनाथ दाहाल र विद्वान् उपन्यायाधिवक्ता श्री अमित उप्रेतिले नेपालको संविधानको धारा २७ मा सूचनाको हक र धारा १५८ मा महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारको व्यवस्था भएकोले उक्त प्रावधानहरु अनुसार नै महान्यायाधिवक्ताको कार्यालयबाट सूचनाको जानकारी दिएको हो, क्लीन चिट दिएको होइन। सम्बन्धित जिल्ला प्रहरी कार्यालय र सरकारी वकिल कार्यालयलाई बुझेर आएको तथ्यका आधारमा निवेदकलाई जानकारी पत्र दिएको हो। रवि लामिछाने विरुद्ध कुनै पनि जाहेरी परेको छैन, दर्ता भएको छैन। सहकारी ऐन, २०७४ को

दफा १२२ मा उल्लेखित सहकारी कसुरमा रवि लामिछानेको संलग्नता रहेको छैन। गृहमन्त्री नभएको अवस्थामा नै कास्की जिल्ला अदालतमा अभियोगपत्र दायर भएको हो। प्रहरीले जाहेरी दर्ता नगरेको भए माथिल्लो निकाय तथा सरकारी वकिल कार्यालयमा उजुर गर्नुपर्नेमा सो प्रक्रिया अवलम्बन नगर्ने निवेदकले रिट क्षेत्राधिकारबाट प्रवेश गर्न पाउने होइन। विवादको विषयसँग यी निवेदकहरूको कुनै सार्थक र तात्विक सम्बन्ध र सरोकार नै छैन। निजको रिट निवेदन हकदैया विहिन छ। सहकारी ऐनले अपराधीकरण (Criminalize) नगरेको विषयलाई लिएर अन्य स्वार्थका कारणले निवेदन आएको छ। यो निवेदन सार्वजनिक सरोकारको विषय होइन। पीडित स्वयंको तर्फबाट निवेदन नपरी कानून व्यवसायी र कानूनका विद्यार्थीको तर्फबाट निवेदन पर्न आएको छ। राजनैतिकलाई न्यायको रङ हालेर निवेदन आएको छ। गलत मनासयका साथ तथ्य ढाँटेर दायर भएको रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

६. प्रत्यर्थी रवि लामिछानेका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू डा. श्री नारायण घिमिरे, श्री रमेश बडाल र श्री मेघराज पोखरेल तथा विद्वान् अधिवक्ताहरू श्री सुभाष आचार्य, श्री राजेन्द्र घिमिरे, श्री राजेन्द्र प्रसाद सेढाईले रिट निवेदकले आफ्नो दावी पुष्टि गर्ने कानूनी आधार देखाउन सक्नु भएको छैन। मेरो पक्षले आफु विरुद्ध कुनै उजुरी परे नपरेको, अनुसन्धान, अभियोजन भए नभएको सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयमा सूचना माग गर्नु भई प्रकृया पुर्याइ सूचना प्राप्त गर्नुभएको हो, जुन निजको संवैधानिक तथा कानूनी हक पनि हो। यो जानकारी पत्र हो, क्लीन चिट होइन। उक्त पत्रले अनुसन्धान, अभियोजनको कार्यलाई रोक्दैन र निवेदक तथा अन्य व्यक्तिको अधिकारमा कुनै आघात पारेको छैन। यस्तो सूचना दिन इन्कार गर्नु Right to Information लाई सिमित गर्नु हो । रवि लामिछाने मन्त्री पदमा नियुक्ति हुन अघि नै जाहेरी परेको छ। जो पीडित हो, उसैले निवेदन लिएर आउनु पर्छ, निवेदकहरूलाई यो निवेदन लिएर आउने हकदैया छैन। यो सार्वजनिक सरोकारको विषय पनि होइन। निवेदकले उठाएका सहकारी ठगीका विषय नियमित अदालतमा मुद्दा विचाराधिन रहेकोले रिट क्षेत्राधिकारबाट हेर्न मिल्दैन। रिट निवेदनमा प्रधानमन्त्री, प्रहरी महानिरीक्षक लगायतलाई विपक्षी बनाएको छैन। सुप्रिम सहकारीबाट गोरखा मिडिया नेटवर्कमा गएको रकम Sweat Share बापतको रकम हो। जाहेरी नपरेको र अनुसन्धानमा प्रभाव नपारेको हुँदा मन्त्री पदबाट निलम्बन गर्नु पर्ने होइन, मन्त्री पदको बर्खास्त प्रधानमन्त्रीले मात्र गर्न सक्ने व्यवस्था छ। संसदीय समिति राजनैतिक प्रकृतिको हो, समितिको कार्यलाई संसदकै कार्यको रुपमा राखेको पाइन्छ। संसदीय छानविन समितिको गठन तथा कार्यले न्यायिक काम कारवाहीमा कुनै प्रभाव पार्दैन। व्यक्ति विशेषलाई अपराधीकरण (Criminalization) गर्ने गलत मनसायका साथ वैकल्पिक मार्गको अवलम्बन नगरी दायर भएको रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।



CamScanner

७. उपरोक्त अनुसारको बहस सुनी रिट निवेदन तथा प्रमाणका रुपमा प्राप्त हुन आएका मिसिलहरु समेतको अध्ययन र विवेचना गर्दा, निवेदन माग बमोजिमको आदेश समेत जारी हुने हो, होइन? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो।

८. निवेदकले नेपालमा सहकारी बचतकर्ताले जम्मा गरेको रकमलाई सहकारीमा प्रत्यक्ष र परिक्षरुपमा संलग्न रहेको व्यक्तिहरुले अपचलन गरी सहकारी बचतकर्ताको रकम हिनामिना भई आर्थिक संकटग्रस्त अवस्थामा पुगेकोमा उपप्रधानमन्त्री तथा गृहमन्त्रीको कारणले समेत सहकारी ठगीका पीडित समूहको जाहेरी दर्ता र अनुसन्धान अवरुद्ध भई न्यायको पहुँचको हक नै धरापमा परेको, दण्डहिनताको अवस्था सिर्जना भई कानूनको सर्वोच्चतामा नै प्रश्न खडा भएको विषय जोडी रिट निवेदन दर्ता गरेको देखिँदा हकदैया नरहेको भन्न सकिएन।

९. प्रत्यर्थी गृहमन्त्री विरुद्ध मुद्दा दर्ता नरहेको जानकारी गराउने महान्यायाधिवक्ताको कार्यालयको मिति २०८१।०१।२४ को पत्रको कुनै कानूनी आधार छैन, यसले प्रत्यर्थी गृहमन्त्रीलाई क्लीन चिट दिइएको छ। तसर्थ उक्त पत्र बदभागी छ भन्ने रिट निवेदकको रिट मागदावीको सम्बन्धमा विचार गर्दा, मिति २०८१।०१।१६ मा जिल्ला प्रहरी कार्यालयले "*...१९ जना प्रतिवादी कायम गरी मिति २०८०।०६।१८ मा कास्की जिल्ला अदालतमा अभियोग पत्र दर्ता भई मुद्दा अदालतमा विचाराधीन छ। उक्त मुद्दामा प्रत्यर्थी गृहमन्त्रीलाई उक्त सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको रकम हिना मिनामा सहकारी संस्थामा कुनै पनि जिम्मेवार प्रदमा नरहेको र मिति २०८०।१०।१६ को पूरक निवेदनउपर अनुसन्धान भैरहेको तथा सो पत्रमा पनि निज रवि लामिछानेको नाम नरहेको र अन्य कुनै पनि जाहेरी दरखास्त कसुर दर्ता कितावमा उक्त मितिसम्म दर्ता नभएको*" बेहोरा उल्लेख भएको देखिन्छ। सोही पत्रअनुसार मिति २०८१।०१।२४ मा प्रत्यर्थी रवि लामिछानेको सम्बन्धमा रुपन्देही, चितवन र कास्कीका जिल्ला सरकारी वकिल कार्यालयसमेतमा बुझ्दा कुनै उजुरी/जाहेरी, अनुसन्धान तथा अभियोजन नरहेको जानकारी महान्यायाधिवक्ताको कार्यालयबाट दिइएको देखिन्छ। मिति २०८१।०१।१६ मा जिल्ला प्रहरी कार्यालय, कास्कीबाट जिल्ला सरकारी वकिल कार्यालयलाई दिएको जवाफमा निवेदकले पेश गरेको मिति २०८०।१०।२२ को गृहमन्त्रीको समेत नाम उल्लेख भएको दर्ता नं.०८०-०८१-०४२६।१२९ को पूरक जाहेरी दरखास्तको प्रमाणित प्रतिलिपि यस अदालतको एकल इजलासबाट मिति २०८१।०२।२० मा झिकाउने आदेश भएकोमा मिति २०८१।०२।२७ को जिल्ला प्रहरी कार्यालय, कास्कीको पत्रबाट उक्त जाहेरी दर्ता किताबमा दर्ता नभएको र उक्त दर्ता नम्बर पनि यस कार्यालयको नरहेको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिइएको देखिन्छ।

१०. जहाँसम्म उक्त पत्रले प्रत्यर्थी गृहमन्त्रीलाई "क्लिन चिट" दिइएको हो र यसले सत्ताको दुरुपयोग भएको र स्वार्थ बाझिने गरी मन्त्री पद लिएको हुँदा Obstruction or road block



CamScanner

to justice को अवस्था सिर्जना भएको प्रश्नमा विचार गर्दा, प्रत्यर्थी गृहमन्त्रीले आफू उपर सहकारी ठगीको मुद्दा रहेको प्रश्न उठेपश्चात् जानकारीको निमित्त महान्यायाधिवक्ताको कार्यालयमा पत्राचार गरेको देखिन्छ। महान्यायाधिवक्ताको कार्यालयको मिति २०८१।०१।२४ को उक्त पत्रले प्रत्यर्थी विरुद्ध कुनै जाहेरी दर्ता नभएको, अनुसन्धान तथा अभियोजन नभएको जानकारी दिएको देखिन्छ।

११. नेपालको संविधानको धारा २७ अनुसार "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने" व्यवस्था गरेको छ। साथै संविधानको धारा २०(८) मा "प्रत्येक व्यक्तिलाई निजको विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुनेछ" भन्ने व्यवस्था रहेको छ। महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मागदर्शन, २०७७ को बुँदा २.२.१५ ले गोपनियता राख्नुपर्ने विषय बाहेक... सरोकारवालाले माग गरेमा मुद्दाको कारवाही सम्बन्धी सूचना जानकारी दिनुपर्ने व्यवस्था रहेको देखिन्छ। उपरोक्त कानूनी व्यवस्थाअनुसार महान्यायाधिवक्ताको कार्यालयले जाहेरी अभियोग दर्ता रहे नरहेको विषयमा प्रत्यर्थीलाई जानकारी गराउन नसक्ने/नपाउने भन्न मिल्ने देखिएन।

१२. तर मिति २०८१।०१।१६ सम्म मुद्दा दर्ता नभएको जिल्ला प्रहरी कार्यालयको जानकारीअनुसार महान्यायाधिवक्ताको पत्रबाट प्रत्यर्थीलाई जानकारी दिनुको अर्थ त्यसपछि मुद्दा दर्ता नहुने वा सो दर्ता भएको जाहेरीमा कारवाही नहुने वा तत्पश्चात् अनुसन्धान अभियोजन हुन नसक्ने अर्थमा बुझ्न मिल्दैन। उक्त पत्रलाई क्लिन चिट दिएको अर्थमा बुझ्न मिल्दैन। यो पत्र जानकारी मागे पश्चात सूचना दिएको अर्थमा मात्र बुझ्न पर्दछ। यस्तो सूचना जानकारी दिँदा गृहमन्त्रीलाई मात्र नभई सामान्य नागरिकको हकको पनि सुनिश्चितता गर्नुपर्ने दायित्व महान्यायाधिवक्ताको कार्यालयको रहन्छ। तसर्थ उक्त पत्र महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिएको जानकारीको पत्र हो, निर्णय होइन, उत्प्रेषणको आदेशले बदर गरिराख्नुपर्ने प्रकृतिको देखिएन।

१३. जहाँसम्म सहकारी ठगी मुद्दामा गृहमन्त्रीको स्वार्थ बाँझिएको अवस्था छ, प्रत्यर्थीले सार्वजनिक पद धारण गर्न नहुने, जाहेरी दरखास्त दर्ता भएपछि पदमा रहिरहन मिल्दैन, तत्काल निलम्बित हुनुपर्दछ भन्ने विषयमा विचार गर्दा, शुशिल प्याकुरेलसमेत विरुद्ध प्रधानमन्त्री झलनाथ खनालसमेतका (२०६८-WO-१०९४) मुद्दामा समेत जाहेरी दरखास्तको आधारमा मात्र कसैलाई अपराधी भन्न नमिल्ने विधिशास्त्रीय मान्यता रहेको देखिन्छ। जाहेरी घटनाको पहिलो जानकारी अर्थात अपराधको सूचनासम्म मात्र हो। जाहेरीको आधारमा मात्रै कसैलाई अभियुक्त कायम गर्न मिल्दैन। जाहेरीमा अनुसन्धान गरी आवश्यक प्रमाणबाट कसूर कायम हुने अवस्था देखिएमा मात्र अभियोग दर्ता हुने हो। अभियोग दर्तापछि मात्र अभियुक्त कायम हुने हो। तसर्थ अभियोग दर्ता नभई सकेको र



CamScanner

जाहेरी दर्ता भएकै आधारमा सार्वजनिक पद धारण गर्न नहुने र सार्वजनिक पदमा रहन नमिल्ने वा निलम्बित हुने कानूनी अवस्था र आधार रहे भएको नरहेतापनि ऐ. (२०६८-WO-१०९४) को मुद्दामा नै "आफूउपर कुनै आरोप लगाई" जाहेरी दरखास्त मात्र परेको अवस्थामा सार्वजनिक पद धारण गर्न र सो सार्वजनिक पदमा कार्यरत रहिरहन नैतिकता, सदाचार, सरकारी संयन्त्र प्रति विश्वसनियता कायम राख्ने र मानव अधिकारसम्बन्धी विश्वव्यापी मान्यताको दृष्टिकोणबाट उपयुक्त हुने वा नहुने भन्ने सो पदमा नियुक्त भएको व्यक्ति स्वयंको विवेकबाट निर्देशित हुने विषय हो भनी सिद्धान्त प्रतिपादन भएको छ। यसर्थ सार्वजनिक पदमा रहने नरहने राजिनामा दिने भन्ने विषय नैतिकतासँग जोडिएको र सम्बन्धित व्यक्तिको आफ्नै विवेकबाट निर्णय गर्ने विषय हो।

१४. अब प्रत्यर्थीको सार्वजनिक पद धारणबाट सहकारी ठगी मुद्दाको जाहेरी दर्ता र अनुसन्धानमा स्वार्थ बाँझिएको भन्न मिल्छ वा मिल्दैन ? भन्ने प्रश्नमा विचार गर्दा, मुलुकी देवानी संहिता, २०७४ को दफा ५० ले "संस्था वा सदस्य वा सञ्चालकको हैसियतले निजी स्वार्थ हित विषयमा निर्णय प्रकृयामा भाग लिन नहुने विषय उल्लेख रहेको", मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७६ तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २७१ ले न्यायाधीशले स्वार्थ बाझिने मुद्दा नहेर्ने विषय रहेको देखिन्छ। सुशासन व्यवस्था तथा सञ्चालन ऐन, २०६४ को दफा ८ ले सुशासन कायम गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुने व्यवस्था गरेको छ। साथै ऐ. ऐनको दफा ९(२) मा सर्वसामान्यतामा प्रतिकूल नहुनेगरी सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय र अन्तर्गत कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था रहेको छ। साथै ऐ. ऐनको दफा १८ ले स्वार्थ बाँझिएमा निर्णय गर्न नहुने व्यवस्था गरेको छ।

१५. प्रस्तुत मुद्दामा रिट निवेदक स्वयं उपप्रधानमन्त्री तथा गृहमन्त्री रहेको र निज अन्तर्गत नै नेपाल प्रहरी रहेको र नेपाल प्रहरीले जाहेरी दर्ता र अनुसन्धान गर्ने हुँदालाई प्रभावमा पर्न सक्ने तथ्य सार्वजनिकरूप मै संसदको राज्य व्यवस्था समितिको उपस्थिति र अभिव्यक्तिबाट समेत मन्त्रीको प्रभाव आफूमातहतको नेपाल प्रहरीमा रहेभएको देखिन्छ।

१६. प्रत्यर्थी गृहमन्त्रीसमेत जोडिएको सहकारी संस्थामा समेत सहकारी ठगीमा छानवीन गर्न मिति २०८१।०२।१५ को प्रतिनिधिसभाको बैठकबाट सहकारी संस्थाको बचत रकम दुरूपयोग सम्बन्धमा छानविन विशेष समिति गठन भई कार्यरत रहेको देखिन्छ। प्रस्तुत विशेष समितिलाई सुप्रिम बचत तथा ऋण सहकारी, सूर्यदर्शन बचत तथा ऋण सहकारीलगायतका संस्थाबाट गोर्खा मिडिया नेटवर्क प्रा.लि. लगायत अन्य कम्पनी वा संस्थाहरुमा प्रवाह गरेको रकमको स्थिति, सो रकम गैरकानूनीरूपमा प्रवाह भए-नभएको र त्यस्तो गैरकानूनी वा अनूचित कार्यमा केही संलग्नता देखिएमा त्यस्ता व्यक्तिहरुको बारेमा अध्ययन छानविन गरी जोखिममा परेको रकमको असुलिको उपाय र संलग्न देखिएका व्यक्तिहरूलाई कानूनबमोजिम

कारबाहीको लागि आवश्यक सिफारिस गर्नसमेत कार्यक्षेत्र रहेभएको देखियो। यो अत्यन्त राजनीतिक प्रकृतिको, संयन्त्र र नीतिगत सुझाव दिने प्रकृतिको समिति हुँदा यो समिति गठन हुनुको अर्थ नियमित न्याय प्रणाली निलम्बीत हुने वा अवरुद्ध हुने भन्ने अर्थमा बुझ्न मिल्ने देखिएन।

१७. कसैलाई पनि अपराधीकरण नगरियोस् भन्ने अधिकार (Right not to be criminalized) रहने, कसूर कायम नभएसम्म शंकाको सुविधा अभियुक्तले प्राप्त गर्ने (Presumption of Innocence until proven guilty), Over Criminalization गर्न नहुने जस्ता प्रश्न प्रत्यर्थीको कानून व्यवसायीबाट उठाइएतापनि प्रस्तुत मुद्दामा उठइएको विवादको विषयवस्तुबाट स्वच्छ, निष्पक्ष, स्वतन्त्र सुनुवाईको हकमा, न्यायको हकमा असर पर्नसक्ने गम्भिर प्रश्न उठेको छ। नेपालको संविधानको धारा २०(८) ले प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालतमा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हकको सुनिश्चितता गरेको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १० ले पनि स्वच्छ सुनुवाईबाट बञ्चित नहुने अधिकारको सुनिश्चितता गरेको छ। सहकारी ठगी जस्तो मुद्दामा पीडितको न्यायको हक, कानूनको सर्वोच्चता, मानव अधिकारको मूल्य मान्यता र दण्डहिनताको अवस्था प्रति अदालत सधैं गम्भिर हुन्छ। तसर्थ आफ्ना मातहतका अनुसन्धान गर्ने निकायलाई सहकारी ठगीमा जाहेरी/सूचना/प्रतिवेदनमा निर्धक्क, निष्पक्ष र स्वतन्त्र भएर अनुसन्धान गर्न दिनु, दिलाउनू भनी उप प्रधानमन्त्री तथा गृहमन्त्रीको नाममा परमादेश जारी गरिदिएको छ। निज विरुद्ध रहेको जाहेरी अनुसन्धान अगाडि बढे नबढेको विषयको अनुगमन गर्नू, गराउनू भनी महान्यायाधिवक्ताको कार्यालयका नाउँमा समेत यो आदेश जारी गरिएको छ। साथै, अनुसन्धान गर्ने निकायमा प्रभाव, दवाव वा असहयोग भए नभएको समेत विवरण सम्बन्धित प्रहरी कार्यालय तथा जाहेरवाला पीडितहरुसमेतबाट लिई महान्यायाधिवक्ताको कार्यालयमार्फत यस अदालत अन्तर्गत रहेको फैसला कार्यान्वयन निर्देशनालयसमक्ष पेस गर्नू गराउनू। प्रचलित कानूनमा मन्त्रीहरुको स्वार्थ बाझिने विषय सम्बन्धी स्पष्ट कानून रहेको नदेखिंदा सुशासन व्यवस्था तथा सञ्चालन ऐन, २०६४ ले उठाएको मूल्य मान्यता अनुरुप मन्त्रीहरुको स्वार्थ बाझिने विषयमा आवश्यक कानून निर्माणको पहलको निमित्त कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेतको नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ। प्रस्तुत आदेशको प्रतिलिपि सहित प्रत्यर्थीलाई जानकारी गराउनू। प्रस्तुत आदेश विद्युतीय प्रणालीमा अपलोड गरी रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

CS CamScanner

मा.न्या. श्री शारङ्गा सुवेदीको राय

१. निवेदन माग बमोजिम महान्यायाधिवक्ताको कार्यालयको मिति २०८१।०१।२४, च.नं. ३२७५ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्ने हो वा होइन? भन्ने तर्फ विचार गर्दा प्रत्यर्थी रवि लामिछानेले महान्यायाधिवक्ताको कार्यालय समक्ष मिति २०८०।०१।१०, द.नं. १४०५१ को अनुसन्धान एवं अभियोजनको बारेमा जानकारी पाउँ भनी निवेदन दिएको देखिन्छ। सो निवेदन हेर्दा रुपन्देही जिल्ला अदालतमा दायर भएको सुप्रिम बचत तथा ऋण सहकारी संस्था, चितवनको साहारा सहकारी र पोखराको सुर्यदर्शन सहकारी संस्थाको रकम हिनामिनामा मेरो पनि संलग्नता छ भनी विभिन्न पत्रपत्रिका र सामाजिक सञ्जालमा म उपर लाञ्छना लगाईएको र त्यसैलाई आधारमानी संसदमासमेत प्रश्न उठाइएकोले उक्त विषयमा म उपर कुनै उजुर परेको, अनुसन्धान भएको वा अभियोजन भएको भए कानून बमोजिम सामना गर्न तत्पर छुँ। म सार्वजनिक पद धारण गरेको व्यक्ति भएको कारण उठेका विषयमा सार्वभौम नेपाली नागरिक र संसदलाई मेरो बारेमा सत्य तथ्य बताउनु मेरो जिम्मेवारी भएकाले उक्त मुद्दामा म उपर कुनै उजुरी परेको अनुसन्धान भएको वा अभियोग पत्र दायर भएको भए सोही कुरा र सो सम्बन्धमा मेरो कुनै संलग्नता नदेखिएको भए सोही कुराको जानकारी पाउँ भनी निवेदन दिएको अवस्था देखिन्छ।

२. महान्यायाधिवक्ताको कार्यालयको मिति २०८१।०१।२४, च.नं. ३२७५ को पत्र हेर्दा जिल्ला सरकारी वकील कार्यालय, रुपन्देही, चितवन र कास्कीमा बुझी पठाउँदा त्यहाँ उपर हालसम्म कुनै उजुरी/जाहेरी, अनुसन्धान तथा अभियोजन समेत भएको नदेखिएको जवाफ प्राप्त हुन आएकोले सोही व्यहोरा आदेश अनुसार अनुरोध गरिन्छ भनी उल्लेख भएको देखिन्छ।

३. सर्वप्रथमत: त्यसरी सूचना माग्न र दिन मिल्ने हो वा होइन? भन्ने तर्फ नै विवेचना गर्नुपर्ने हुन आयो। सूचना माग गर्ने पक्ष र सूचना दिने पक्षले सो सूचना के कुन कानूनको आधारमा माग गरेको हो? र कून कानूनको आधारमा दिइएको हो भन्ने उक्त सूचना माग गरिएको निवेदन पत्र र जानकारी दिइएको पत्रबाट खुल्न आएको देखिंदैन। महान्यायाधिवक्ताको कार्यालयको लिखित जवाफ व्यहोराबाट संविधानको धारा २७, सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ४ को उपदफा (१) र ऐ. दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको संविधान र कानूनद्वारा प्रदत्त हकको कार्यान्वयन तथा परिपालना गर्नू महान्यायाधिवक्ताको कर्तव्य भएकोले सो जानकारी दिईएको भन्ने देखिन्छ। नेपालको संविधानको धारा २७ बमोजिम प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि सूचना माग्ने र पाउने हक हुने स्पष्ट व्यवस्था छ। सोही धाराको प्रतिबन्धात्मक वाक्यांशले कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने समेत स्पष्ट गरिएको पाइन्छ। सूचनाको हक सम्बन्धी ऐन,



CS CamScanner

२०६४ को दफा २ को खण्ड (ङ) मा सूचनाको हकको परिभाषा गरिएको पाइन्छ। सोही ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ख) बमोजिम आपराधको अनुसन्धान तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने सूचना प्रवाह गरिने छैन भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको पाइन्छ। महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ को बुँदा नं. २.२.१५ ले गोपनियता राखु पर्ने विषय बाहेक ....सरोकारवालाले माग गरेमा मुद्दाको काम कारबाही सम्बन्धी सूचना जानकारी दिनुपर्ने व्यवस्था रहेको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा ५ बमोजिम कसूरसँग सम्बन्धीत व्यक्ति पक्राउ नपरेसम्म सार्वजनिक गरिने छैन भनी व्यवस्था गरेको पाइन्छ। उपरोक्त बमोजिमको संवैधानिक एवं कानूनी व्यवस्थाले केही वैधानिक अपेक्षाहरू राखेको पाइन्छ। उपरोक्त संवैधानिक व्यवस्था, कानूनी प्रावधानहरूको वैधानिक अपेक्षा (Legitimate expectation) को बर्खिलाप हुने गरी सूचना माग गर्ने र दिने कार्य भए गरेको अवस्था देखिन आयो।

४. कसैका विरुद्ध कानूनी कारबाही गरिएको अवस्थामा कारवाहीको जानकारी पाउने हकलाई सम्बन्धीत व्यक्तिको मौलिक हकको रुपमा नेपालको संविधानको धारा २० को उपधारा (८) ले परिभाषित गरेको पाइन्छ। प्रस्तुत सन्दर्भमा सो धारा २० को उपधारा (८) को अवस्था विद्यमान रहेको पाइदैन। प्रस्तूत निवेदनमा निवेदकले प्रश्न उठाएको सूचना वा जानकारी माग्ने वा दिने न्यायको मर्म र भावनाको सम्मान गर्दै न्यायोचित तवरले भयो वा कसैलाई व्यक्तिगत रूपमा कुनै सहुलियत वा फाइदा दिने लिने दिलाउने उद्देश्यले सूचना दिए लिएको हो भन्ने प्रश्न न्यायको रोहमा संवेदनशील विषय हुन्छ। रवि लामिछानेले सूचना माग गरेको मिति २०८१।०१।१०, दर्ता नं. १४०५१ को पत्र व्यहोराबाट नै सहकारीको रकम हिनामिना सम्बन्धमा आफ्नो विरुद्ध उठेका प्रश्नहरूको सन्दर्भमा प्रतिरक्षा गर्नु रहेको भन्ने देखिन आएबाट स्वच्छ तवरले सूचना माग गरिएको भनी विश्वास गर्न मिल्ने अवस्था समेत देखिएन। प्रस्तुत सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०८१।०१।२४ मा च.नं. ३२७५ द्वारा अपराध अनुसन्धान अभियोजनको जानकारी सम्बन्धमा दिइएको पत्रको आधारमा कुनैपनि फौजदारी कसूरको सम्बन्धमा उजुरी निवेदन वा जाहेरी दरखास्त दर्ता गर्ने प्रचलित कानून बमोजिम अपराध अनुसन्धान तहकिकात गर्ने, अभियोजन गर्ने समेतका कार्य गर्न कुनै किसिमले अवरोध नपुग्ने भएबाट र कानून बमोजिमको वैधता नै नभएको महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०८१।१।२० मा च.नं. ३२७५ को पत्रले आम नागरिकको न्याय प्राप्त गर्ने अधिकारमा कहिंकतैबाट अवरोध पुग्न नसक्ने हुँदा त्यस्तो पत्र बदर गरिरहनु औचित्यपूर्ण समेत नहुने भएकाले निवेदन माग बमोजिम उत्प्रेषणको आदेश जारी गरिरहनु पर्ने देखिएन।

२०६४ को दफा २ को खण्ड (ङ) मा सूचनाको हकको परिभाषा गरिएको पाइन्छ। सोही ऐनको दफा ३ को उपदफा (३) को खण्ड (ख) बमोजिम आपराधको अनुसन्धान तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने सूचना प्रवाह गरिने छैन भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको पाइन्छ। महान्यायधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ को बुँदा नं. २.२.१५ ले गोपनियता राख्नु पर्ने विषय बाहेक ....सरोकारवालाले माग गरेमा मुद्दाको काम कारबाही सम्बन्धी सूचना जानकारी दिनुपर्ने व्यवस्था रहेको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा ५ बमोजिम कसूरसँग सम्बन्धीत व्यक्ति पक्राउ नपरेसम्म सार्वजनिक गरिने छैन भनी व्यवस्था गरेको पाइन्छ। उपरोक्त बमोजिमको संवैधानिक एवं कानूनी व्यवस्थाले केही वैधानिक अपेक्षाहरू राखेको पाइन्छ। उपरोक्त संवैधानिक व्यवस्था, कानूनी प्रावधानहरूको वैधानिक अपेक्षा (Legitimate expectation) को बर्खिलाप हुने गरी सूचना माग गर्ने र दिने कार्य भए गरेको अवस्था देखिन आयो।

४. कसैका विरुद्ध कानूनी कारबाही गरिएको अवस्थामा कारवाहीको जानकारी पाउने हकलाई सम्बन्धीत व्यक्तिको मौलिक हकको रुपमा नेपालको संविधानको धारा २० को उपधारा (८) ले परिभाषित गरेको पाइन्छ। प्रस्तुत सन्दर्भमा सो धारा २० को उपधारा (८) को अवस्था विद्यमान रहेको पाइदैन। प्रस्तूत निवेदनमा निवेदकले प्रश्न उठाएको सूचना वा जानकारी माग्ने वा दिने न्यायको मर्म र भावनाको सम्मान गर्दै न्यायोचित तवरले भयो वा कसैलाई व्यक्तिगत रूपमा कुनै सहुलियत वा फाइदा दिने लिने दिलाउने उद्देश्यले सूचना दिए लिएको हो भन्ने प्रश्न न्यायको रोहमा संवेदनशील विषय हुन्छ। रवि लामिछानेले सूचना माग गरेको मिति २०८१।०१।१०, दर्ता नं. १४०५१ को पत्र व्यहोराबाट नै सहकारीको रकम हिनामिना सम्बन्धमा आफ्नो विरुद्ध उठेका प्रश्नहरूको सन्दर्भमा प्रतिरक्षा गर्नु रहेको भन्ने देखिन आएबाट स्वच्छ तवरले सूचना माग गरिएको भनी विश्वास गर्न मिल्ने अवस्था समेत देखिएन। प्रस्तुत सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०८१।०१।२४ मा च.नं. ३२७५ द्वारा अपराध अनुसन्धान अभियोजनको जानकारी सम्बन्धमा दिइएको पत्रको आधारमा कुनैपनि फौजदारी कसूको सम्बन्धमा उजुरी निवेदन वा जाहेरी दरखास्त दर्ता गर्ने प्रचलित कानून बमोजिम अपराध अनुसन्धान तहकिकात गर्ने, अभियोजन गर्ने समेतका कार्य गर्न कुनै किसिमले अवरोध नपुग्ने भएबाट र कानून बमोजिमको वैधता नै नभएको महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०८१।१।२० मा च.नं. ३२७५ को पत्रले आम नागरिकको न्याय प्राप्त गर्ने अधिकारमा कहिंकतैबाट अवरोध पुग्न नसक्ने हुँदा त्यस्तो पत्र बदर गरिरहनु औचित्यपूर्ण समेत नहुने भएकाले निवेदन माग बमोजिम उत्प्रेषणको आदेश जारी गरिरहनु पर्ने देखिएन।

५. सहकारी ठगी जस्तो अहम विषयमा बचतकर्ताले न्यायको याचना गर्ने व्यक्ति, विपक्षले धारण गरेको पदको बेवास्तागरी जाहेरी सूचना लिई अपराध अनुसन्धान गर्नु गराउनु भनी विपक्षी महान्यायाधिवक्ता तथा महान्यायाधिवक्ताका नाउँमा परमादेशको आदेश जारी गरी पाउँ भन्ने निवेदन माग बमोजिम परमादेश जारी गर्नुपर्ने हो वा होइन? भन्ने तर्फ हेर्दा प्रस्तुत निवेदन पीडित व्यक्तिले दर्ता गरेको अवस्था नभई सार्वजनिक सरोकारको विषयको रुपमा पेश हुन आएको देखिंदा न्यायको याचना लिई आउने सार्वभौमसत्ता सम्पन्न आम नागरिकले कुनैपनि फौजदारी कसूर सम्बन्धमा सूचना वा जाहेरी लिई आएमा राज्यका तर्फबाट त्यसलाई सम्वेदनशीलता पूर्वक ग्रहणगरी विधिको शासनको सिद्धान्तलाई सर्वोपरी मानी कानून बमोजिम छानविन गरी न्यायिक प्रक्रियाबाट नै त्यसको समाधान गरी सर्वसाधारणलाई न्यायप्रदान गर्न सम्बन्धीत निकाय सक्षम छ र संविधान र कानूनको मर्म र भावना अनुरुप न्यायको प्रत्याभूति दिन प्रतिवद्ध छ भन्ने कुरामा यो अदालत विश्वास गर्दछ। तसर्थ अनुमानको आधारमा निवेदन माग बमोजिम सूचना दर्ता गरी अनुसन्धान गर्नु गराउनु भनी परमादेश जारी गर्न मिल्ने देखिएन।

६. सहकारी संस्थाको रकम हिनामिना सम्बन्धमा छानविन गर्न संसदीय समिति गठन भएको कार्यले विधिको शासनको सिद्धान्तलाई निस्तेज पार्ने वा कानून बमोजिम अख्तियार प्राप्त निकायबाट हुने अपराध अनुसन्धान तहकिकातको कार्यलाई अवरुद्ध गर्ने वा प्रतिकूल वा अनुकूल प्रभाव पर्ने कार्य हुने अवस्था समेत हुँदैन। संसदीय समितिले स्वच्छता, निस्पक्षता कायम गरी सर्वसाधारणलाई न्यायको प्रत्याभूति दिलाउने कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने भएबाट त्यस्तो संसदीय समिति गठन भएकोसम्म कारणले कसूरजन्य कार्यको अनुसन्धान तहकिकात नै गरिरहनु पर्ने अवस्था हुँदैन भन्न मिल्दैन।

७. उपप्रधानमन्त्री तथा गृहमन्त्रीको पद धारण गरेको व्यक्तिको जिम्मेवारीले निजको विरुद्ध हुनुपर्ने अपराध अनुसन्धान प्रक्रियामा अनुचित र प्रतिकूल प्रभाव पर्नजाने, प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुनजाने भएकाले निजलाई गृहमन्त्रीको पदबाट निलम्बन गर्नू भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्का नाउँमा उपयुक्त आदेश जारी गरी पाउँ भन्ने निवेदन माग बमोजिम आदेश जारी गरी रहनु पर्ने हो वा होइन भन्ने तर्फ हेर्दा, अपराध बारेको पहिलो सूचना ग्रहण गरी अनुसन्धान तहकिकात गर्ने निकाय गृहमन्त्रालय अन्तर्गत रहने भएबाट सम्बन्धीत मन्त्रालयका गृहमन्त्री कै विरुद्ध निज पदमा बहाल रहेकै अवस्थामा फौजदारी कसूर सम्बन्धमा उजुरी/जाहेरी दर्ता गर्ने वा अपराध अनुसन्धान तहकिकात गर्ने कार्य गर्न Doctrine of Bias, Theory of conflict of interest र Fair Trial का मान्य सिद्धान्तको दृष्टिकोणबाट विचार गर्दा पीडितको न्यायमा अवरोध हुँदैन भन्न मिल्दैन। न्यायमा त्यस्तो अवरोध हुन नदिने नैतिक कर्तव्य र जिम्मेवारी सम्बन्धित मन्त्रीको समेत हुन्छ। तर निजका विरुद्ध जाहेरी वा उजुरी दर्ता गर्ने प्रयोजनका लागि वा जाहेरी परी कसूर

५. सहकारी ठगी जस्तो अहम विषयमा बचतकर्ताले न्यायको याचना गर्न व्यक्ति विशेषले धारण गरेको पदको बेवास्तागरी जाहेरी सूचना लिई अपराध अनुसन्धान गर्नु गराउनु भनी विपक्षी महान्यायाधिवक्ता तथा महान्यायाधिवक्ताका नाउँमा परमादेशको आदेश जारी गरी पाउँ भन्ने निवेदन माग बमोजिम परमादेश जारी गर्नुपर्ने हो वा होइन? भन्ने तर्फ हेर्दा प्रस्तुत निवेदन पीडित व्यक्तिले दर्ता गरेको अवस्था नभई सार्वजनिक सरोकारको विषयको रोहमा पेश हुन आएको देखिंदा न्यायको याचना लिई आउने सार्वभौमसत्ता सम्पन्न आम नागरिकले कुनैपनि फौजदारी कसूर सम्बन्धमा सूचना वा जाहेरी लिई आएमा राज्यका तर्फबाट त्यसलाई सम्वेदनशीलता पूर्वक ग्रहणगरी विधिको शासनको सिद्धान्तलाई सर्वोपरी मानी कानून बमोजिम छानबिन गरी न्यायिक प्रक्रियाबाट नै त्यसको समाधान गरी सर्वसाधारणलाई न्यायप्रदान गर्न सम्बन्धीत निकाय सक्षम छ र संविधान र कानूनको मर्म र भावना अनुरूप न्यायको प्रत्याभूति दिन प्रतिबद्ध छ भन्ने कुरामा यो अदालत विश्वास गर्दछ। तसर्थ अनुमानको आधारमा निवेदन माग बमोजिम सूचना दर्ता गरी अनुसन्धान गर्नु गराउनु भनी परमादेश जारी गर्न मिल्ने देखिएन।

६. सहकारी संस्थाको रकम हिनामिना सम्बन्धमा छानबिन गर्न संसदीय समिति गठन भएको कार्यले विधिको शासनको सिद्धान्तलाई निस्तेज पार्ने वा कानून बमोजिम अख्तियार प्राप्त निकायबाट हुने अपराध अनुसन्धान तहकिकातको कार्यलाई अवरुद्ध गर्ने वा प्रतिकूल वा अनुकूल प्रभाव पर्ने कार्य हुने अवस्था समेत हुँदैन। संसदीय समितिले स्वच्छता, निस्पक्षता कायम गरी सर्वसाधारणलाई न्यायको प्रत्याभूति दिलाउने कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने भएबाट त्यस्तो संसदीय समिति गठन भएकोसम्म कारणले कसूरजन्य कार्यको अनुसन्धान तहकिकात नै गरिरहनु पर्ने अवस्था हुँदैन भन्न मिल्दैन।

७. उपप्रधानमन्त्री तथा गृहमन्त्रीको पद धारण गरेको व्यक्तिको जिम्मेवारीले निजको विरुद्ध हुनुपर्ने अपराध अनुसन्धान प्रक्रियामा अनुचित र प्रतिकूल प्रभाव पर्नजाने, प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुनजाने भएकाले निजलाई गृहमन्त्रीको पदबाट निलम्बन गर्नु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्का नाउँमा उपयुक्त आदेश जारी गरी पाउँ भन्ने निवेदन माग बमोजिम आदेश जारी गरी रहनु पर्ने हो वा होइन भन्ने तर्फ हेर्दा, अपराध बारेको पहिलो सूचना ग्रहण गरी अनुसन्धान तहकिकात गर्ने निकाय गृहमन्त्रालय अन्तर्गत रहने भएबाट सम्बन्धीत मन्त्रालयका गृहमन्त्री कै विरुद्ध निज पदमा बहाल रहेकै अवस्थामा फौजदारी कसूर सम्बन्धमा उजुरी/जाहेरी दर्ता गर्ने वा अपराध अनुसन्धान तहकिकात गर्ने कार्य गर्न Doctrine of Bias, Theory of conflict of interest र Fair Trial का मान्य सिद्धान्तको दृष्टिकोणबाट विचार गर्दा पीडितको न्यायमा अवरोध हुँदैन भन्न मिल्दैन। न्यायमा त्यस्तो अवरोध हुन नदिने नैतिक कर्तव्य र जिम्मेवारी सम्बन्धित मन्त्रीको समेत हुन्छ। तर निजका विरुद्ध जाहेरी वा उजुरी दर्ता गर्ने प्रयोजनका लागि वा जाहेरी परी कसूर



CamScanner

सम्बन्धमा अनुसन्धान तहकिकात हुँदैगर्दा नै पदबाट निलम्बन हुने वा निलम्बन गर्नुपर्ने वाध्यात्मक कानूनी व्यवस्था रहेको पाइदैन।

८. प्रस्तुत सन्दर्भमा गृहमन्त्री जननिर्वाचित जनप्रतिनिधि समेत भएकाले सार्वभौम नागरिक प्रति निजको उत्तरदायित्व र जवाफदेहिता रहने तथ्यलाई इन्कार गर्न भने मिल्दैन। सहकारीको रकम हिनामिना भए गरेको कार्यबाट पीडित भएका भनिएका हजारौं सर्व साधारणले उजुरी, निवेदन वा जाहेरी दर्ता गर्न जाँदा कै अवस्था देखिनै निष्पक्ष र स्वच्छ तवरले सम्बन्धीत निकाय तथा अधिकारीबाट कार्य सम्पादन भएको छ भन्ने कुरामा विश्वस्त हुने वातावरणको प्रत्याभूती दिनू राज्यको कर्तव्य हुन्छ।मन्त्रीपरिषद्को सदस्य समेत रहने गृहमन्त्री तथा महान्यायाधिवक्ताको कार्यालयले सो राज्यको कर्तव्यलाई कुनैपनि बहानामा उपेक्षा गर्न मिल्दैन। Constitutional Moralityको दृष्टिकोणबाट पनि संविधान तथा प्रचलित कानूनद्वारा निर्दिष्ट गरिए बमोजिम जाहेरी वा उजुरी दर्ता, अपराध अनुसन्धान तहकिकात, अभियोजन तथा न्याय निस्पादन समेतका सबै चरणमा स्वच्छता एवं निष्पक्षताको प्रत्याभूती हुने गरी कार्य गर्न कुनैपनि तवरले अवरोध नहुने गरी गृहमन्त्रीको पदमा आसिन व्यक्ति स्वयंले जिम्मेवारी वोध गरी नैतिक रुपमा मार्ग प्रशस्त गर्नु नै न्यायोचित हुन्छ। जाहेरी दरखास्तमा जाहेरवालाले लेखेको व्यहोरा र आशंका व्यक्तगरी किटान गरिएको व्यक्ति मात्र अपराधमा संलग्न हुन्छ भन्न मिल्दैन। जाहेरी वा उजुरी व्यहोरा अपराध बारेको सूचनासम्म हुने भएबाट जाहेरी व्यहोरामा मात्र सिमित रहेर अपराध अनुसन्धान तहकिकात हुने होइन। स्वच्छ, निष्पक्ष अपराध अनुसन्धान तहकिकातको वृहत्तर मूल्य मान्यता स्थापीत गर्दै कसूरदारलाई कानूनको दायरामा ल्याउने र पीडितलाई कानूनबमोजिम न्यायको प्रत्याभुती दिने दिलाउने कार्यमा संवेदनशील भई संविधान र कानूनका वैध अपेक्षाहरूको सम्मान गर्दै सार्वभौमसत्ता सम्पन्न आम नागरिक प्रतिको जिम्मेवारी र जवाफदेहिता प्रति प्रतिवद्धता व्यक्त गर्दै नैतिक कर्तव्य बोध गरी गृहमन्त्रीले मार्ग प्रशस्त गर्न परमादेशको आदेश जारी हुने ठहर्छ।

९. माननीय न्यायाधीश श्री सपना प्रधान मल्लको रायसँग फरक मत भएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम सुनुवाईको लागि पूर्ण इजलासमा पेश गर्नू।

न्यायाधीश
शारङ्गा सुवेदी

इजलास अधिकृतः नवराज कार्की
अनुसन्धानमा सहयोग गर्नेः विशेष जोशी (इन्टर्न)
ईति सम्वत् २०८१ असार २० गते रोज ५ शुभम् ------------------------------।

CamScanner